नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

## अनुदानको मल वितरण सूचना प्रणाली प्रयोग सम्बन्धमा

कृषकलाई अनुदानमा वितरण गरिने रसायनिक मलको खरिद तथा विक्री-वितरण कार्यलाई व्यवस्थित एवं पारदर्शी बनाउन यस मन्त्रालयले **अनुदानको मल वितरण सूचना प्रणाली (Real-time fertilizer management information system)** प्रयोगमा ल्याएको छ। यस प्रणाली मार्फत मलको आयात, स्टक र विक्री-वितरण सम्वन्धी अद्यावधिक विवरण जुनसुकै समयमा हेर्न सकिने व्यवस्था गरिएको छ। खासगरी अनुदानमा वितरण गरिने मलको वितरण कार्यमा विक्रेताले पक्षपात गर्ने, बढी मूल्य लिने, अनाधिकृत व्यक्ति तथा संस्थालाई बेच्ने भन्ने जस्ता गुनासोलाई सम्बोधन हुने गरी यस प्रणाली मार्फत् मल विक्रेता सहकारी वा फर्मले पाएको मलको कोटा, स्टकको विवरण र सबैभन्दा महत्वपूर्ण कुरा प्रत्येक पटक विक्रेता सहकारी वा फर्मले पाएको कोटाको मल कुन कृषकलाई के-कति परिमाणमा विक्री गरेको बारेमा विस्तृत विवरण जो सुकैले पनि हेर्न सकिने गरी व्यवस्था गरिएको छ। यसका लागि http://fms.moald.gov.np/ वा मन्त्रालयको वेभसाइट www.moald.gov.np मा गई **"हाम्रो सेवाहरु"** मा रहेको **"अनुदानको मल वितरण सूचना प्रणाली"** मा गई आफ्नो स्थानीय तह छनौट गरी अनुदानित मलको स्टक तथा विक्रि वितरण सम्बन्धी विवरण हेर्न सकिनेछ।

मल विक्रेताले अनुदानको मल विक्री वितरण सम्बन्धी विवरण इन्ट्री गरेपश्चात् मात्र अनुदानको मल वितरण सूचना प्रणालीमा देखिने भएकाले मल विक्रेता सहकारी र फर्मले मलको स्टक र विक्री सम्बन्धी विवरण नियमित रुपमा उक्त प्रणालीमा प्रविष्ट गरिदिनुहुन अनुरोध गरिन्छ। साथै कृषक वर्गलाई यस सुविधाको उपयोग गरि मल वितरण कार्यलाई पारदर्शी बनाउने मन्त्रालयको प्रयासमा सहयोग गरिदिनुहुन समेत मन्त्रालय अनुरोध गर्दछ।

मिति: २०८२/०९/१३

महानन्द जोशी
सूचना अधिकारी
कृषि तथा पशुपन्छी विकास मन्त्रालय